Volume 3

Annex 3.22a: MoU signed with FNCCI Surkhet, Karnali Province

# मध्यपश्चिमाञ्चल विश्वविद्यालय

## स्कुल अफ म्यानेजमेन्ट (मुसोम) र नेपाल उद्योग वाणिज्य महासंघ

## कर्णाली प्रदेश का विचमा भएको समझदारी पत्र ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्वन्धी नियमावली २०७५ को परिच्छेद २ को दफा ८ र ९ बमोजिमको व्यबस्था हुने गरी आर्थिक स्रोतको खोजी, व्यबस्थापन, कर्णाली क्षेत्रमा रहेका निजी उद्यमी एवम् व्यवसायीहरु संग व्यवसायिक सम्भाव्यताको पहिचान गरी यो क्षेत्रमा रहेका सम्भाव्य उत्पादनको पहिचान गर्दै त्यसको व्यवस्थित लगानी गर्ने र वजारीकरण गर्न सहयोग गर्नका लागी मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (मुसोम) र नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश सहमत भई निम्न अनुसारको समझदारी पत्रमा स्विकृति जनाउदँछौ । समझदारी पत्रमा हस्ताक्षर पश्चात निम्न अनुसारका कार्यक्रमहरु संचालनका गरिने छ ।

१. मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (मुसोम) तथा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश ले कर्णाली प्रदेशमा रहेका व्यवसायीहरुको क्षमता अभिवृद्धिका लागी आवश्यक तालिम तथा गोष्ठी सञ्चालन गर्ने ।

२. मुसोम तथा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशको सहकार्यमा भईरहेका तथा नयाँ वस्तुको वजार सम्भाव्यतामा आधारित अनुसन्धान अगाडि वढाईने छ ।

३. कार्णाली प्रदेशमा आयात-निर्यात हुने वस्तुहरुको अभिलेखिकरण गर्ने ।

४. कर्णाली प्रदेशकामा रहेका उद्योगहरुको तथ्यांक तयार गरि संचालन गर्ने कार्यक्रमको पहिचान गर्ने ।

५. कर्णाली प्रदेशमा उत्पादन भईरहेका तथा नयाँ सम्भाव्य वस्तुहरु (उत्पादकहरुको) पहिचान गर्दै कर्णाली प्रदेश भित्रका सम्पूर्ण स्थानिय तहका उत्पादनको अभिलेख तयार गरी कर्णाली प्रदेशको व्यवसायिक क्षेत्रको तत्थ्यांक (डाटा वेस) तयार गर्ने र सरोकारवाला संस्थालाई उपलब्ध गर्ने ।

६. कर्णाली प्रदेशमा उद्यमशिलताको विकासकालागी विभिन्न प्रकारका व्यवसायरुको विकासका लागि सहकार्य गर्ने ।

७. व्यवसायिक सर्वे गरि त्यसवाट आएका समस्या तथा समाधान गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

८. रोजगारीका अवसर भएका क्षेत्रहरु पहिचान गरि उक्त क्षेत्रहरुमा मुसोम वाट उत्पादीत जनशक्ति उपलब्धे गर्ने ।

९. कर्णाली प्रदेशमा रहेका व्यवसायहरुको दिगो विकासका लागी यस क्षेत्रमा भएका उत्पादनको पहिचान, वस्तुको विकास तथा मुल्यश्रृंखला (Value chain) तथा वस्तुसेवाको वजारीकरणका लागी संयूक्तरुपमा परियोजना सञ्चालन गर्ने ।

१०. सम्झौता गरिएका कार्यक्रमहरु संचालन गर्न नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश र मुसोम को सल्लाह वमोजीम कार्यक्रम तयारी तथा संचालन गर्नकालागि समिति गठन गर्ने ।

११. मुसोमले कर्णाली प्रदेशमा रहेका उद्योग वाणिज्य संघ तथा सो संग आवद्ध उद्यमीहरुलाई परामर्श सेवा (Consultant service) उपलब्ध गर्ने ।

१२. हाल मुसोममा अध्यनरत विद्यार्थीहरुलाई इर्न्टनसिप र रोजगारीकालागि सहकार्य गर्ने ।

१३. नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश र मुसोम ले संयुक्त रुपमा कार्यक्रम तथा परियोजनाको अनुगमन गर्ने ।

१४. समय अनुसार अन्य कार्यका लागि सहकार्य गर्ने ।

**मुसोम र नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश विचको सम्झौता अवधि ५ वर्षका लागि हुने छ ।**

.....................................

डा. सुसिल कुमार शाही

निर्देशक

मुसोम

.....................................

श्री पदम बहादुर शाही

अध्यक्ष

नेपाल उद्योग वाणिज्य महासंघ

कर्णाली प्रदेश, सुर्खेत